नेपाल राजपत्र

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६] काठमाडौं, फागुन १४ गते २०३३ साल [अतिरिक्ताङ्क ४४

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

राजदरबारको

विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट माननीय राज्यमन्त्री डा. हर्कबहादुर गुरूङलाई उद्योग वाणिज्य र शिक्षा मन्त्रालयको अतिरिक्त हालै खडा भएको पर्यटन मन्त्रालयको थप कार्यभार पनि सम्हाल्न लगाइबक्सेको छ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

१००६

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

राजदरबारको

सूचना

श्री ५ महाराजाधिराज सरकारका हजूरमा; संवैधानिक अंगहरूको अध्ययन गरी सुझाव पेश गर्न गठन भएको टोलीले आफ्नो अध्ययन पूरा गरेको हुँदा टोलीको संयोजक तथा राजसभा स्थायी समितिका सभापति सम्माननीय श्री वेदानन्द झाले आज मिति २०३३।११।१४।६ का दिन नारायणहिटी राजदरबारमा श्री ५ महाराजाधिराज सरकारका जुनाफमा टोलीको सिफारिश चढाउनु भयो।

टोलीले आफ्नो काम पूरा गरेकोले सो टोलीलाई विघटन गरिएको छ।

हुकुम बक्से बमोजिम,

रञ्जनराज खनाल

श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार

१००८

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।